# स्थानीय राजपत्र

रावा बेसी गाउँपालिकाद्धारा प्रकाशित

| खण्ड ५ | संख्या १७ | मिति: २०७८/०९/२० |
| --- | --- | --- |

## भाग २

## रावा बेसी गाउँपालिका

दिगो रुपमा माटाको उर्वरा शक्ति कायम राख्न परम्परागत तरीकामा उत्पादन भै रहेको प्राङगारीक मलको मूख्य श्रोतनै पशुहरुको मलमुत्र नै हो । पशु बस्तुको गोवर तथा मुत्रमा प्राप्त हुने बाली विरुवाको लागि अति आवश्यक खाद्य तत्व लाई बचाउन र गुणस्तरबृद्धि गर्न भकारो सुधार एक प्रमुख कार्य भएको र यस अभियान बाट हाल बहसको रुपमा रहेको प्राङ्गगारीक खेति अभियानलाई समेत यस कार्यक्रमले महत्वपूर्ण योगदान दिन सक्ने भएको यथार्थता लाई समेत मध्येनजर गरि यो प्रस्ताव सहयोगी हुने भएको र बर्तमान समयको माग अनुरुपको उत्पादन गर्न तथा रासायनिक मलको प्रभाव बाट केहि हदसम्म भए पनि मुक्त गरि पर्यावरण र वातारणमा समेत महत्वपूर्ण भुमिकोका लागी **भकारो सुधार कार्यविधि २०७८** वनाई रावा वेसी गाउँ पालिकाले जारी गरेको छ।

**भकारो सुधार कार्यविधि २०७८**

रेख बहादुर घर्ति
प्रमुख प्रशासकिय अधिकृत

रावा बेसी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हलेसीटार खोटाङ
१ न. प्रदेश नेपाल

**परिच्छेद - १**

संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम " रावा वेसी गाउँपालिकाको अभियानमुखी भकारो सुधार कार्यक्रम संचालन कार्यविधि,२०७८"रहेको छ ।

**२.परिभाषा** :विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

**३.'समिति**"भन्नाले यस रावा वेसी गाउँपालिकाको पालिका स्तरीय कृषि विकास समिति सम्भनु पर्दछ ।

**परिच्छेद -२**

भकारो सुधार गरिने संख्या तथा कृषक छनौट :

४.कायक्रम संचालन गरिने स्थान : यस गाउँपालिकाको निर्णय बमोजिम कार्यक्रम संचालन गरिने स्थान,औचित्य,माग र आवश्यकता बमोजिम स्थान छनौट गरिनेछ । बार्षिक स्वीकृत कार्यक्रममा उल्लेख भए बमोजिम हुनेछ ।

५.कार्यक्रम संचालन गरिने संख्या : उपलब्ध बजेट बमोजिम यस गाउँपालिकाले स्वीकृत अनुसार कार्य संचालन संख्या निर्धारण हुने छ ।

कार्यक्रम संञ्चालनका लागि कृषक छनौट :

१। कार्यक्रम संचालनका लागि कृषक छनौट गर्दा वडा स्तरीय कृषि विकास समिति र पालिका स्तरीय कृषि विकास समितिको समन्वयमा हुने छ ।

२। भकारो सुधारका लागि घरधुरीको छनौट गर्दा पशुपालनका क्षेत्रलाई लक्षित गरि गरिने छ ।

३। कृषक घरधुरीको छनौट पालिका स्तरीय कृषि विकास समितिले वडा स्तरीय कृषि विकास समितिको सहयोगमा सम्भव भए सम्म एकै ठाउँमा पर्ने गरि छनौट गर्नु पर्ने छ ।

४। छनौट भएको कृषक घरधुरीको जानकारी पालिका स्तरीय कृषि विकास समितिले वडा स्तरीय कृषि विकास समितिलाई पठाउने छ ।

५। सम्बन्धित वडामा कार्यक्रम संचालन गर्न चाहाने कृषकको संख्या लक्ष्य भन्दा बढि भएको खण्डमा दलित,जनजातीलाई प्राथमिकता दिई समितिको सिफारिस अनुसार कृषक समुहहरुलाई प्राथमिकता दिई संचालन गरिने छ कृषक समुह वा योजना माग गर्ने कृषकको संख्या लक्ष्य भन्दा कम भएको खण्डमा एकै समुहले २ वटा सम्म पनी योजना सचालन गर्न सक्ने छन् ।

**परिच्छेद - ३**

कार्यक्रम संचालन तथा बजेट व्यवस्थापन

६) सम्पर्क व्यक्ति तोक्ने : भकारो सुधार कार्यक्रमको लाई प्रभावकारी रुपमा संचालन गर्नको लागि आवश्यक प्राविधिक सहयोग गर्नको लागि गाउँपालिकाको कार्यालयले कृषि / पशु विकास शाखाका प्राविधिक कर्मचारीलाई सम्पर्क अधिकारीको रुपमा तोक्नु पर्ने छ ।

७) भकारो सुधारको न्यूनतम् मापदण्ड पुरा हुनु पर्ने : भकारो सुधार गर्दा कम्तिमा पनि २ वटा पशुका लागि भुई बाट पशु मुत्र/गहुँत नचुहिने गरी पक्की गरीनु पर्ने छ । पशु मुत्र संकलन ट्याङ्किको व्यवस्थापन हुनु पर्ने र भकारो अर्थात मलखाद राख्ने खाडल (खाल्डो)लाई घाम पानी बाट जोगाउनको लागि छानाको व्यवस्था गरिनु पर्ने जस्ता मुलभुत कुराको अतिरिक्त देहाएको मापदण्ड समेत पालना गरिने छ ।

क) आवश्यकता अनुसार गाउँपालिकाले अनुगमन गरि निर्देशन दिन सक्ने छ ।

ग) छनौट भएका कृषक /कृषक समुहको लागि कार्य संचालन सम्झौता गर्ने ७ दिनको म्याद दिईने छ ।

घ) सम्झौता अनुसार कार्यसंचालनको लागि १ महिनाको अवधि दिईने छ ।

८)अनुदान दिईने रकमको व्यवस्था : कृषक समुह/कृषक छनौट गर्दा वडा जिम्मेवारी रहने छ । सो वडाको सिफारिसमा छनौट भएका कृषक समुह /कृषक घरधुरीलाई कुल लागतको ५०%रकमगाउँपालिकाको अनुगमन



रेख बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

समितिले मूल्याङ्कन गरि प्रति भकारो बढीमा रु **१0,000**। अक्षयरुपी :**दश हजार** सम्म अनुदान रकम उपलब्ध गराउन सक्ने छ ।

९) अनुदान दिईने रकम प्रबाहको व्यवस्था : भकारो सुधार कार्य सम्पन्न पछि सम्बन्धित प्राविधिकले सो को प्राविधिक स्टामेट र गुणस्तर निरिक्षण गरि सम्बन्धित वडाको सिफारिस लिई सिफारिस प्राप्त कृषकलाई मात्र गाउँपालिकाले सम्झौता बमोजिमको अनुदान रकम उपलब्ध गराउन सक्नेछ ।

१०) कार्यपालिकाको अनुगमन व्यवस्था : कार्यक्रमको प्रभावकारी कार्यन्वयनका लागि गाउँपालिकाको कार्यालय बाट आर्थिक विकास समितिको संयोजकत्वमा अनुगमन गर्ने व्यवस्था गरिने छ ।

प्रमाणीकरण मिति-२०७८/९/२०

आज्ञाले,

रेख बहादुर थापा

प्रमुख प्रशासकीय अधिकृत